रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, कार्तिक १५ गते, २०७८ साल संख्या १०

## भाग-२

<u>रामग्राम नगरपालिकाको गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७८</u>

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०७/१५

**प्रस्तावना :** रामग्राम नगरपालिका भित्र गरीबी न्यूनीकरण तथा सामाजिक परिचालन सम्बन्धी कोष स्थापना गरी यस संग सम्बन्धीत कियाकलापलाई प्रभावकारी बनाउन, उपलब्ध स्रोत साधन परिचालनएवं प्रयोगमा पारदर्शिता र मितब्ययिता ल्याई उत्पादन मूलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिबृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

क) यो कार्यविधको नाम रामग्राम नगरपालिका गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७८ रहेकोछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा र व्याख्या :**

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा बाहेक यो कार्यविधिमा,

क) ऐन भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) कार्यविधि भन्नाले गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्दछ ।

ग) नगरपालिका : भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्छ ।

घ) समन्वय समिति : भन्नाले यसै कार्यविधि बमोजिमको समितिलाई सम्झनु पर्छ ।

ङ) प्रमुख : भन्नाले रामग्राम नगरपालिकाकाका नगर प्रमुख भन्ने बुझनुपर्दछ ।

च) कोष : भन्नाले रामग्राम नगरपालिकाको गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष भन्ने बुझनुपर्दछ ।

**३. उद्धेश्य :**

नगरपालिका गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ ।

क) लक्षित समुदायको जीवन स्तरमा सुधार ल्याउनशहरी समाज परिचालन प्रकृया मार्फत विकेन्द्रीकरण, शहरी सुशासन तथा जनसहभागिता प्रबर्द्धन गरी आर्थिक सामाजिक विकासको लागि उपयुक्त वातावरणको सिर्जना गर्दै गरिबी न्यूनीकरणको लागि मद्दत गर्ने ।

ख) शहरी सेवा प्रभावकारी रुपमा जनसमक्ष पुरयाउन निजी तथा अन्यशहरी विकास सँग सम्बन्धित पक्षसँग आवश्यक्ता अनुसार साझेदारी गर्ने ।

ग) स्थानीय बासिन्दाहरुलाई अधिकारमा आधारित सेवा सुबिधाको पहुँच सुनिश्चित गरी स्थानीयतहको सेवा प्रवाहलाई प्रवर्द्धन गर्न सहयोग पुरयाउने ।

## परिच्छेद २

## कोषको स्थापना र परिचालन :

**४.नगरपालिका गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषको स्थापनातथा परिचालन देहाय बमोजिम हुनेछ** :

क) यो कार्यविधि लागु भएपछि “गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष” नामबाट नगरपालिकामा एक कोषको स्थापना गरिनेछ ।

ख) कोषको संचालन प्रकृया अनुसुची २ बमोजिम हुनेछ ।

ग) कार्यपालिकाले गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषको ब्यवस्थापनको लागि समन्वय समिति गठन गर्नेछ ।

घं) गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष सञ्चालक समितिले जिल्ला समन्वय समिति, नगरपालिका, सम्बद्ध सरकारी निकाय, दातृसंस्था, राष्ट्रिय तथाअन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, टोल विकास संस्था लगायत अन्य ब्यवसायिक तथा निजी क्षेत्रसँग समन्वय गरी वा साझेदारीमा काम गर्न सक्ने छ ।

**५.गरिबी न्यूनिकरण तथा सामाजिक परिचालन कोषमा देहायका रकमहरु रहने छन्:**

क) कोष अर्न्तगत कार्यक्रम संचालनको लागि नेपाल सरकार तथाप्रदेश सरकारबाट प्राप्त अनुदान ।

ख) मित्र राष्ट्र, द्विपक्षीय तथा बहुपक्षीय दातृ संस्था, गरीबी न्यूनिकरण कोष, सरकारी निकाय, बित्तीय संस्था, सम्बद्ध निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थावा व्यक्तिहरुबाट प्राप्तअनुदान ।

ग) नगरपालिकाबाट प्रत्येक बर्ष बिनियोजन भई कोषमा प्राप्त  रकम।

घ) लगानी गरिएको ऋणको सावाँको रुपमाप्राप्त गरिएको वा परिचालन गरिएको रकम, त्यसको व्याज, लगानी गरिएको रकमको सेवा शुल्क तथा क्षतिपूर्ति वापत प्राप्त रकम तथा कोष परिचालनबाट प्राप्त रकम ।

ङ) नेपाल सरकार, जिल्ला समन्वय समिति, नगरपालिका, गरिबी न्यूनीकरण कोष, स्थानीय विकास कोष वाअन्य कोष, बैङ्क, बित्तीय संस्था वा अन्य संस्थाबाट कार्यपालिकाको अनुमतिलिई कोषले लिएको ऋण वा सापटी रकम।

च) टोल विकास संस्था, सामुदायिक संस्थालगानीको रुपमा बचत गरेको रकम र अन्य स्रोतबाट प्राप्तभएको रकम ।

**६. समन्वय समितिको गठन :**

क) कोषको संचालन तथा ब्यवस्थापनको लागि देहाय बमोजिमका पदाधिकारी रहने गरी समन्वय समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १)नगर प्रमुख | अध्यक्ष |
| २) नगर उपप्रमुख | सदस्य |
| ३) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४)सामाजिक विकास महाशाखाको प्रमुख | सदस्य |
| ५) आर्थिक प्रशासन शाखाको प्रमुख | सदस्य |
| ६) कार्यक्रम संचालन भएको वडाको वडाध्यक्ष मध्येबाट नगर प्रमुखले तोकेको १ जनासदस्य | सदस्य |
| ७) टोल बिकास संस्थाको अध्यक्षहरु मध्येबाट १जनामहिला सहित समितिले मनोनयन गरेकादुई जना | सदस्य |
| ८) गरीबी न्यूनीकरण तथा सामाजिक परिचालनको कार्यक्रम हेर्ने फोकल पर्सन १ जना | सदस्य सचिव |

कुनै सरकारी वा गैरसरकारी निकाय संग साझेदारी भएमा त्यस्ता निकायका प्रतिनिधिलाई समन्वय समितिमा सदस्यको रुपमा मनोनित गर्न सकिनेछ भने समन्वय समितिको बैठकमा आवश्यक्ता अनुसार अन्य सम्बन्धितलाई आमन्त्रित गर्न सकिनेछ ।

**७. समन्वय समितिको सचिवालय :**

कोषको समन्वय समितिको सचिवालय नगरपालिकाको कार्यालयमा रहनेछ । नगरपालिकामा सामाजिक विकास महाशाखा अन्तर्गत गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन इकाईका रुपमा समितिको सचिवालय रहने छ । यस कार्यक्रम हेर्ने फोकल पर्सनले कोषको सचिवको रुपमाकाम गर्नेछ ।

**८) समन्वय समितिका सदस्यहरुको पदावधि :**

क) पदेन सदस्यहरु निजहरु आफ्नो पदमा बहाल रहँदा सम्म मात्र सदस्यहुनेछन ।

ख) खण्ड (क) मा उल्लेखित बाहेक अन्य मनोनित सदस्यहरुको पदावधि २ बर्ष हुनेछ । मनोनित गर्ने पदाधिकारी वा समितिले चाहेमा निजहरुलाई पुनःमनोनित गर्न सक्नेछ ।

ग)कुनै मनोनित सदस्यले कोषको उद्देश्य बिपरित कार्य गरेको प्रमाणित भएमा समन्वय समितिले निर्णय गरी हटाउन सक्नेछ ।

घ) समन्वय समितिका मनोनित सदस्यले आफ्नो पदबाट राजिनामा दिन चाहेमा समन्वय समितिको अध्यक्ष समक्ष लिखित रुपमा राजिनामा दिनु पर्नेछ । त्यस्तो राजिनामा स्वीकृत भएको मिति देखि लागूभएको मानिनेछ ।

ङ) कुनै सदस्यको पदावधि सकिनु अगाबै निजको पद रिक्त हुन आएमा बाँकी अवधिसम्मको लागि निज जुन क्षेत्रबाट आएको हो सोही क्षेत्रका ब्यक्तिमध्येबाट सोहि प्रकृया अपनाई पदपुर्ति गरिनेछ । तर तिन महिना भन्दा कम समयको लागि मात्र पद रिक्त रहने अवस्था भएमा पदपूर्ति गर्नु अनिवार्य हुने छैन् ।

**९. समन्वय समितिको बैठक तथाकार्य प्रणाली :**

क) समन्वय समितिको बैठक समान्यता दुई महिनामा एक पटक बस्नेछ । कार्यक्रम कार्यन्वयनका क्रममा आवश्यक परेमा जुनसुकै समयमा समितिको बैठक बस्न सक्नेछ ।

ख) समन्वय समितिको बैठक समन्वय समितिको सचिवालयमा अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

ग) समन्वय समितिको बैठक अध्यक्षको आदेशानुसार सचिवले बोलाउन सक्नेछन ।

घ) समान्यतया समन्वय समितिको बैठक हुनु भन्दा तिन दिन अगाबै सुचना दिनु पर्नेछ । यस्तो सुचनामा बैठक हुने मिति, समय र छलफलका लागि प्रस्तुत गरिने बिषय समेत रहनु पर्दछ । बैठकको लागि निश्चित मिति तोकिएकोमा प्रत्येक बैठकको लागि जानकारी गरी रहनु पर्दैन ।

ङ) समन्वय समितिको बैठकको निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ ।

च) मत बराबर भई निर्णय हुन नसकेमा अध्यक्षले निर्णायक मत दिनेछन ।

छ) समन्वय समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् । निजको अनुपस्थितिमा नगरपालिकाको उपप्रमुखले अध्यक्षता गर्नेछन् । उपप्रमुख पनि अनुपस्थित रहेमा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले बैठकको अध्यक्षता गर्नेछन ।

ज) बैठकमा आमन्त्रित सदस्यलाई मतदान गर्ने अधिकार हुनेछैन ।

झ)सचिवले बैठकमा भएका छलफल तथा निर्णयहरुको अभिलेख राखी अध्यक्षबाट प्रमाणित गराई राख्नेछ ।

ञ) बैठक सम्बन्धी अन्य कार्यविधि समन्वय समितिले तय गरे बमोजिम हुनेछ ।

ट) समन्वय समितिका सदस्यहरुले बैठकमा भाग लिए वापत नगरपालिकाका सदस्यहरुले पाए सरहको बैठक भत्ताको ब्यवस्था गर्न सकिनेछ । यस्तो भत्ता दिनको लागि कोष आफै सक्षमभई भत्ताको लागि आवश्यक रकम बार्षिक बजेटबाट स्वीकृत भएको हुनुपर्नेछ ।

ठ) समन्वय समितिले आफ्ना महत्वपूर्ण निर्णयहरु तथा आय ब्ययको हिसाव सार्वजनिक गर्नु पर्नेछ ।

**१०.समन्वय समितिको काम, कर्तब्य र अधिकार :**

क) प्रत्येक बर्ष कोषको नीति, कार्यकम र बजेट बनाई कार्यपालिका मार्फत् नगर सभामा पेश गर्ने र स्वीकृत कार्यकम संचालन गर्ने । तर नगरसभाले कार्यपालिकालाई अख्तियारी दिएको अवस्थामा कार्यपालिकाबाट स्वीकृत नीति कार्यकम र बजेट कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

ख) कोषको कार्यकमहरुको त्रैमासिक तथा बार्षिक प्रतिबेदनहरु तयार गरी नगर कार्यपालिका तथा सम्बद्ध निकाय समक्ष पेश गर्ने, कुनै दातृ संस्थाको सहयोगमा कुनै कार्यकम संचालन भएको भए दातृ संस्थासंग सम्झौता हुँदा र कार्यकम संचालनको लागि समझदारी हुँदा तय भए बमोजिम एवं मन्त्रालयले माग गरे बमोजिम प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने ।

ग) कोष सञ्चालन सम्बन्धी कार्यविधिमा संशोधन गर्नु परेमा स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

घ) स्वीकृत कार्यकम कार्यन्वयनकालागि कार्य सुची तयार गर्ने र कार्यपालिकाबाट स्वीकृत कार्यान्वयन गर्ने

ङ) समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमहरुलाई ऋण लगानी, बिउपूँजीप्रदान, प्रविधि हस्तान्त्रण तथा सीप प्रदानगर्दा तोकिएकाशर्तहरु पुरा भए नभएको, तद्नुरुपकार्य भएनभएको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यक सल्लाह तथा निर्देशन दिने ।

च) गैर सरकारी संस्था तथा निजी क्षेत्रबाट प्राप्त गर्नु पर्ने सेवाको पहिचान गरी आवश्यक सेवाप्राप्त गर्ने ।

छ) निश्चित मापदण्डको आधारमा ग्रामीण बजार केन्द्रको छनौट गरी समन्वय समितिबाट स्वीकृत गराई गाउँ नगर साझेदारी विकास कृयाकलापहरु कार्यन्वयन गर्ने तथा गाउँ नगर अन्तर सम्बन्ध सुदृढ तुल्याउने ।

ज) कोषको कारोवारमा हुन सक्ने हानीनोक्सानीको क्षतिपूर्तिको लागि आवश्यक सुरक्षाका उपायहरु अवलम्बन गर्ने । सुरक्षाका उपाय भन्नाले बिमा, क्षतिपूर्ति तथा असुली गर्ने अन्य प्रकृयालाई समेत सम्झनु पर्दछ ।

झ) कोषको बार्षिक लेखा परिक्षण गर्ने, गराउने ।

ञ) कोषको लेखापरिक्षणको प्रतिबेदन समिति मार्फत कार्यपालिकामा पेश गर्ने र प्राप्त निर्देशनलाई कार्यान्वयन गर्ने, गराउने ।

ट) कोषसंग सम्बन्धित टोल विकास संस्था, उपभोक्ता समिति, व्यवस्थापन समिति, सामाजिक तथा आर्थिक उद्यमहरुलाई दर्ताको लागि आवश्यक सिफारिस गर्ने ।

ठ) कोषको उद्देश्य अनुरुप कृयाकलाप संचालन गर्न आवश्यक अन्य कार्यहरु गर्ने ।

**११.समन्वय समितिको सचिवालयले देहायको काम गर्नेछ ।**

क) समन्वय समितिका निर्णयहरु कार्यान्वयन गर्ने ।

ख) कोषको कार्यक्रम कार्यविधिमा उल्लेख भए बमोजिमको प्रकृया अनुरुप कार्यान्वयन गर्ने ।

ग) प्रतिबेदनहरु तयार गरी समन्वय समिति तथा अन्य सम्बन्धित निकायमा प्रस्तुत गर्ने ।

घ) दफा १० बमोजिम समितिले गर्नु पर्ने कार्यहरुको कार्यान्वयनमा सहजीकरण गर्ने ।

ङ) गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषको परिचालन एवं टोल विकास संस्था परिचालन सम्बन्धी कार्य गर्ने ।

**१२. समन्वय समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

समन्वय समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कोषको बैठक बोलाउने र बैठकको स्थान तथा मिति तोक्ने ।

ख) बैठकको अध्यक्षता गर्ने ।

ग) कोष तथा अन्य सरकारी, गैरसरकारी तथा बित्तीय संस्थाहरु बीच समन्वय गर्ने ।

घ) कोषको सचिवालय संचालन गराउने ।

ङ) कोषको  त्रैमासिक तथा बार्षिक प्रगति बिबरण तयार गर्ने वा गराउने ।

च) कोषको बार्षिक कार्यक्रम तयार गरी समन्वय समितिबाट अनुमोदन गराउने ।

छ) कोष संचालनको लागि आवश्यक बार्षिक बजेट तयार गरी समन्वय समितिबाट स्वीकृत गराई अनुमोदनका लागि नगरपालिकामा पेश गराउने ।

ज) जिल्ला समन्वय समिति, नगरपालिका, नगरसभा, ग्रामीण बजार केन्द्र तथा कोष बीच समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

झ) स्रोत परिचालन तथा कोषको प्रभावकारी संचालन तथा निरन्तरताको लागि नेपाल सरकार तथा अन्य दातृ संस्थासंग सम्बन्ध बिस्तार गरी श्रोत जुटाउन आवश्यक कदमचाल्ने ।

**१३. कार्यान्वयन व्यवस्थापन समितिको गठन :**

क) कोष अन्तर्गत संचालन हुने कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि प्रमुख प्रसाशकीय अधिकृतको अध्यक्षतामा एक कार्यान्वयन व्यस्थापन उप समिति (Implementation Management Sub Committee) गठन गरिनेछ ।जसमा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | अध्यक्ष |
| सामाजिक विकास महाशाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखाको प्रमुख | सदस्य |
| गरीबी न्यूनीकरण तथा सामाजिक परिचालनको फोकल पर्सन | सदस्य |

ख) यस उप समितिको बैठक आवश्यक्ता अनुसार समान्यतया २ महिनामा एक पटक बस्नेछ ।
ग) कार्यान्वयन व्यवस्थापन समिति कोषको समन्वय समिति प्रति उत्तरदायी हुनेछ ।
घ) यस उप समितिको बैठकको अध्यक्षता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछन् । प्रमुख प्रशासकीय अधिकृत नभएमा महाशाखा प्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

**१४. कोषको सञ्चालन सम्बन्धमा प्र.प्र.अ.को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**
क) प्र.प्र.अ.लेकोष सम्बन्धी कार्यमा समन्वयात्मक भूमिका निर्वाह गर्नेछ ।
ख) प्र.प्र.अ.लेकोष र कोष अन्तर्गत संचालित कार्यहरुको अनुगमन गर्ने छ ।
ग) कोष समन्वय समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको प्रशासनिक रेखदेख र नियन्त्रण गर्नेछ ।

**१५. कोषको कार्य :**
नगरपालिका गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषको उद्देश्य प्राप्तिको निम्ति देहाय बमोजिमका कार्यहरु गर्नेछ ।
क) नगर विकास सम्बन्धी कृयाकलापहरुको योजना तर्जुमा तथा कार्यान्वयनका लागि सूचना प्रणालीको विकास गर्न शहरी सूचना केन्द्रको स्थापना, व्यवस्थापन तथा सुदृढीकरणमा सहयोग गर्ने ।
ख) आर्थिक तथा प्राविधिक सहयोग प्रदान गरी वडामा सामुदायिक सूचना केन्द्र तथा ग्रामीण बजार केन्द्रमा ग्रामीण सूचना केन्द्र स्थापना तथा प्रवर्द्धन गर्न सहयोग गर्ने ।
घ) नगरपालिका तथा ग्रामीण बजार केन्द्र/नगरपालिकामा टोल विकास संस्थाको स्थापना र संस्थागत विकास गर्ने । टोल विकास संस्थालाई स्वायत्त, आत्मनिर्भर आधारभूत सामुदायिक संस्थाको रुपमा स्थापित गर्न आवश्यक मानवीय श्रोतको विकास, प्रशासकीय तथा व्यवस्थापकीय क्षमता अभिबृद्धि र तिनको कृयाकलापलाई पारदर्शी बनाउन मद्दत गर्ने ।
ङ) टोलविकास संस्थाले तर्जुमा गरेका टोल विकास योजना तथा उद्यम विकास योजनाहरुलाई नगरपालिका विकास योजना (PMDP) मा एकीकृत गरी कार्यान्वयन गर्न सहयोग गर्ने ।
च) टोल विकास संस्थाले टोल विकास योजना तर्जुमा गरी सो अनुरुप पेश भएको सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार सम्बन्धी परियोजना पारीत गराई विनियोजित रकम कोष मार्फत् कार्यान्वयन गर्ने ।
छ) टोल विकास संस्थालाई बचत मार्फत आन्तरिक पूँजीसिर्जना तथा सो बचतको परिचालन गर्न सहयोग गर्ने ।
ज) विकासमा एच.आई.भि./एड्स, आन्तरिक रुपमा विस्थापित व्यक्तिहरु, लैङ्गिक, स्वास्थ्य, शिक्षा तथा अन्य सबै बिषय समेटिएको समग्र विकासको अवधारणा अवलम्बन गरी सामाजिक आर्थिक विकास कृयाकलाप संचालन गर्नको लागि टोल बिकास संस्थाको क्षमता अभिबृद्धि गर्ने कार्य गर्ने ।
झ) विपन्न महिला तथा अभाव ग्रस्त पिछडिएका (Backward)समूहहरुमा उद्यमशीलता विकास गर्नको लागि उनीहरुलाई आवश्यक तालिम तथा प्राविधिक सहयोग प्रदान गर्ने ।
ञ) उद्यमशीलता विकास तथा समुदायमा आधारित आर्थिक उद्यम तथा अन्तरसम्बन्ध बढाउने उद्यमहरुलाई ऋण प्रदानतथा प्रवर्द्धन गरी स्थानीय आर्थिक विकासलाई टेवा पुरयाउने ।
ट) टोल विकास संस्था तथा उद्यमहरुलाई ऋण दिनको लागि योग्यता तथा परिपक्वताको शर्त तोक्ने उद्यमलाई प्रदान गर्ने सहयोगको न्यूनतम आधारहरु तय गरी कोषबाट प्रदान गरिने साँवाव्याज लिने गरी ऋणको रुपमाप्रदान गर्ने ।

ठ) कोषबाट प्रदान गरिने ऋण स्वीकृत गर्ने । कोषतथा टोल विकास संस्था वा आर्थिक उद्यमवीच कोषले तयार गरेको आधारभूत शर्तका बुदाँहरु अनुरुप ऋण चुक्ता गराउने ।

ड) साझेदारीका सम्झौतामा उल्लेख भए बमोजिम टोल विकास संस्था वा सामुदायिक, सामाजिक आर्थिक उद्यमलाई आवश्यक अन्य सेवा तथा सुबिधाहरु कोषले प्रदान गर्न सक्नेछ । यस्ता सेवा तथा सुबिधाहरु कोषको सचिवालय मार्फत वा तालिम केन्द्र, कुनै कम्पनी, गैरसरकारी संस्था, निजी फर्म वा कुनै व्यक्ति वा उपयुक्त संस्था मार्फत समेत प्रदान गर्न सक्नेछ ।

ढ) टोल विकास संस्थाको स्थापना गर्ने चरणमा सामाजिक तथा आर्थिक कृयाकलापलाई प्रोत्साहित गर्न तथा कृयाकलापहरुलाई दिगो बनाउनको लागि कोषले सहजिकरण गर्न सक्नेछ ।

ण) कोषको रकम घाटा वा क्षति भएको खण्डमा क्षतिपूर्ति दिन तथा सुरक्षा प्रदान गर्नको लागि बीमा नीति तयार गरी लागू गर्ने ।

त) कोषले टोल विकास संस्था, व्यवस्थापन समिति वा उपभोक्ता समितिलाई सामाजिक आर्थिक पूर्वाधार विकासको लागि, (खास गरी लाभग्राही समूहका सदस्यहरुको आय तथा जीवन बृत्तिमा सुधार गर्ने) आर्थिक पूर्वाधार विकासको लागि बीउ पूँजी अनुदान प्रदान गर्न सक्नेछ । बीउ पूँजी अनुदानका परियोजना सकेसम्म बढी सदस्यहरुलाई साझालाभ पुर्‍याउने खालको हुनुपर्नेछ । बीउ पूँजी अनुदानको सीमा समन्वय समितिले तोके बमोजिम हुनेछ ।

थ) कोषले नेपाल सरकार, मित्र राष्ट्रहरु तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दातृ संस्था, राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्था र व्यक्तिबाट अनुदान प्राप्त गर्न सक्नेछ । यस्तो अनुदान समझौतामा उल्लेख भए बमोजिम शर्तहरु अनुरुप संचालित कार्यहरुमा खर्च गर्न सकिनेछ ।

द) कोषले प्रचलित कानूनको अधीनमा रही नेपाल सरकार बैङ्क,बित्तीय संस्था,जिल्ला समन्वय समिति, नगरपालिका तथा अन्य स्थानीय विकास कोष वा ऋण प्रवाह गर्ने अन्य संघ संस्थाबाट ऋण लिन सक्नेछ ।

ध) कोषले खण्ड (थ) तथा खण्ड (द) मा उल्लेख भए बमोजिम बाह्य अनुदान तथा ऋण लिनको लागि नगर कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

न) कोषले स्थानीय विकास कोषलाई ऋण लगानी गर्न वाअन्य बाणिज्य बैङ्क वाबित्तीय संस्थामा पूँजी लगानी गर्न सक्नेछ ।

प) कोषले घुम्ति कोषको लगानीबाट प्राप्त व्याज संचालन तथा ब्यवस्थापन खर्च, उद्यम विकास तालीम, बजार संजाल बिकास, बीउ पूँजी अनुदान तथा ऋण लगानीको लागि मूलधन बृद्धि गर्न यस कार्यविधिको दफा २८ बमोजिम कोषको योजना अनुरुप समन्वय समितिको निर्णयमा उपयोग गर्नेछ ।

फ) कोषले नगरपालिकाबाट समपुरक कोष (Matching Fund) को रुपमा रकम प्राप्त गर्न सक्नेछ ।

ब) कोषले यसको संचालनको लागि नेपाल सरकार, राष्ट्रिय गरिबी निवारण कोष, नगरपालिका, जिल्ला समन्वय समिति, बिदेशीमित्र राष्ट्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, अन्तरसरकारी संस्था, सम्बद्ध निकाय, निजी क्षेत्र तथा ब्यक्तिहरुबाट अनुदानको रुपमा संचालन तथा ब्यवस्थापन खर्च प्राप्त गर्न सक्नेछ । संचालन तथा ब्यवस्थापन खर्च जुटाउन तथा यसको दिगोपनको लागि कोषले आवश्यक रणनीति बनाई कार्यान्वयन गर्नेछ ।

भ) कोषले गाउँ नगर साझेदारी विकास सम्बन्धि कार्यक्रम संचालन गर्न, नगर तथा ग्रामीण क्षेत्रका मानिसहरुको जीवन स्तर सुधार गर्न, गाउँनगर अन्तर सम्बन्ध सुदृढ गर्ने कार्यक्रम संचालन गर्न, स्थानीय आर्थिक विकासमा सघाउ पुरयाउन नेपाल सरकार, गरिबीनिकारण कोष, बिदेशी मित्र राष्ट्र,

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दातृ संस्था तथा अन्य कुनै अन्तर सरकारी संस्थाले खर्च ब्यहोर्ने गरी नेपाल सरकारको पूर्व स्वीकृति लिई सम्बन्धित दाता सँग भएको समभ्फौता अनुरुप कार्यक्रम संचालन गर्न सक्नेछ ।

म) कोषले निजी क्षेत्र तथा गैरसरकारी संस्थाको सहयोग लिई आफ्नो कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

य) कोष मार्फत कार्यक्रम संचालन गर्न आवश्यक प्रशासकीय तथा ब्यवस्थापकीय खर्च दाताले ब्यहोर्नु पर्नेछ । दातासंग सहमति अनुरुपको कूल लागतको तय भएको प्रतिशत बमोजिमको संचालन खर्च दाताले प्रदान गर्ने रकममा जोडिनेछ । यस प्रकारको संचालन खर्च कुल लागतको १० प्रतिशत भन्दा कम हुने छैन ।

र) समुदायको सकृयतामा हुने सामाजिक, आर्थिक पूर्वाधार विकासका लागि प्राप्त हुने रकमा टोल विकास योजना प्रकृया अनुरुप टोल विकास संस्था, उपभोक्ता समूह वा ब्यवस्थापन समूहलाई बिउ पूँजीको रुपमा अनुदान दिन सक्नेछ ।

ल) दाताबाट बिशेष शिर्षकको कृयाकलापको लागि प्राप्त रकम सोही शीर्षकमा खर्च गरिनेछ । त्यस्ता बिशेष कृयाकलाप नगरपालिकाको सम्बन्धित महाशाखा वा शाखा वा उप शाखा मार्फत कार्यान्वयन गर्न सकिनेछ ।

व) कोषले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृसंस्थाले प्रदान गरेको सहयोगबाट संचालित कार्यक्रमको कार्यान्वयन तथा ब्यवस्थापनको लागि आवश्यक प्राविधिक सहयोग सम्बन्धित संस्था वा बिषयगत निकायबाट प्राप्त गर्न सक्नेछ ।

श) कोषले गरीब, पिछडिएका जनजाति दलित तथा महिलाहरुको उत्थानको लागि नगरपालिका तथा ग्रामीण बजार केन्द्रको अवस्था तथा आवश्यक्ता हेरी बिशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

ष) कोषको आवश्यक्ता अनुरुपका उपसमितिहरु गठन गरी कार्य गर्न सक्नेछ ।

स) कोषले अन्तर्राष्ट्रिय दातृ संस्थासंग सम्पर्क गर्नु पर्दा नगरपालिका मार्फत् कार्यवाही अगाडी बढाउनु पर्नेछ ।

**१६) टोल विकास संस्थाको स्थापना, काम, कर्तब्य र अधिकार :**

क) शहरी समाज परिचालन प्रकृया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकासको कार्य गर्न नगरपालिकामा वडा सिमानाको निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरघुरी सदस्य रहने गरी "एक घर एक सदस्य" का आधारमा सबै घरघुरीलाई आवद्ध गराई सबै घरको प्रतिनिधित्व हुने गरी टोल विकास संस्थाको गठन स्थानीय स्तरमा गरीनेछ । टोल विकास संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको चयन तथा उक्त संस्थाको बैठक तथा बैठक संचालनको कार्यविधि समेतको ब्यवस्था गर्नेछन ।

ख) टोल विकास संस्थाहरु नगरपालिकामा सुचिकृत हुनु पर्नेछ ।

ग) टोल विकास संस्थाको बैठक नियमित रुपमा बस्नु पर्नेछ । प्रत्येक बैठकमा कम्तीमा५१ प्रतिशत सदस्यहरुको अनिवार्य उपस्थिति भएको हुनु पर्नेछ ।

घ) बैठकमा प्रस्तुत गर्नको लागितयार गरिएको सबै बिषयहरुमा छलफल गरी सर्वसम्मत निर्णय गर्ने प्रयास गर्नु पर्नेछ । निर्णय प्रकृया पारदर्शी हुनु पर्नेछ ।

ङ) समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमलाई अघि बढाउन टोल विकास संस्थाले बचत तथा ऋण कार्यक्रम संचालन गर्नु पर्नेछ ।

च) टोलविकास संस्थाले प्रवर्द्धन गरेका समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमहरुले ऋण तथा बिउ पूँजी अनुदान प्राप्त गर्नको लागि हिसाव किताब तथा अभिलेख प्रणाली कोषले तोके बमोजिम व्यवस्थित तवरले राख्नु पर्नेछ ।

छ) उद्यमका सदस्यहरुले टोल विकास संस्थामा बचत गर्नु पर्नेछ । ऋण प्राप्त गर्नका लागि उद्यममा उद्यमीहरुको स्वःलगानी (Equity Share)कुल उद्यम लागतको कम्तीमा २० प्रतिशतअनिवार्य हुनु पर्नेछ ।

ज) समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमहरुले आपसी छलफलद्वारा कार्यक्रम तथा योजना तर्जुमा गर्नु पर्नेछ ।

झ) टोल विकास संस्थाले योजना सदस्यहरुको हितहुने सामाजिक आर्थिक विकासका कृयाकलापहरु सहभागिता मूलक ढङ्गबाट कार्यान्वयन गर्नु पर्नेछ ।

ञ) टोल विकास संस्थाले योजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनगर्दा सहभागिता मूलक ढङ्गबाट गर्नु पर्नेछ ।

ट) टोल विकास संस्थाले आफ्ना सदस्यहरुको गरिबीलाई निश्चित आधारमा बर्गीकरण गरी तिनको अभिलेख राख्नु पर्नेछ ।

ठ) टोल विकास संस्थाले आफ्नो दीर्घकालिन बिकासको लागि सामान्य अवधारणा तथा दृष्टि कोण निर्माण गर्नु पर्नेछ । उक्त अवधारणा नगरपालिकाको अवधारणामा आधारित हुनुपर्नेछ ।

ड) टोल विकास संस्थाले आफ्ना सदस्यहरुलाई बिभिन्नकार्यगत् समूहमा संगठीत गरी समुदायमाआधारित सामाजिक तथा आर्थिक विकासमा कृयाशील हुन अभिप्रेरित गर्नेछ ।

ढ) टोल विकास संस्थाले आफ्नो भौगोलिक सिमाना क्षेत्र भित्रका घरघुरी सदस्यहरुवाट गठित उद्यमहरुलाई उद्यम व्यवसाय गर्न सहजीकरण तथा नगरपालिकामा दर्ता गर्न आवश्यक सिफारिस प्रदान गर्नु पर्नेछ ।

ण) एकभन्दा बढी टोल विकास संस्थासंग सम्बन्धित विकास निर्माण कार्य तथा वडा स्तरीय विकास निर्माण कार्यमा टोल विकास संस्था परिचालित हुन वा सकृय भूमिका निर्वाह गर्न सम्बन्धित वडा क्षेत्रभित्र गठित सबै टोल विकास संस्थाका अध्यक्ष, सचिव तथा कोषाध्यक्षहरु संयुक्त भेला भई वडा समितिको संयोजनमा टोल विकास संस्थाहरुको वडा स्तरीय संजालमा टोल विकास संस्थाहरु संगठित हुन सक्नेछन ।

त) टोल विकास संस्थाले गरेको निर्णयको प्रतिलिपी समन्वय समितिको सचिवालयमा पठाउनु पर्नेछ ।

थ) वडा समितिको सहयोगीको रुपमाकार्य गर्नु टोल विकास संस्थाको कर्तब्य हुनेछ ।

**१७) व्याज, सेवा शुल्क तथा हर्जाना मिन्हा गर्न सकिने :**

क) प्राकृतिक प्रकोप, महामारी वात्यस्तै बिशेष परिस्थितिका कारण कोषको ऋण लिई संचालित कुनै योजना असफल भई ऋणीले सावाँ रकम समेत गुमाई संस्थाको ऋण चुक्ता गर्न नसक्ने कुरामा टोल विकास संस्था बिश्वस्तभएमा टोल विकास संस्था, वडा समितिले सर्वसम्मत रुपमा सिफारिस गरी कोषमा ऋणीको व्याज, सेवाशुल्क तथा हर्जाना माफ गरिदिन निबेदन गरेमा कोषले आवश्यक छानवीन गरी त्यस्तो रकम पुरै वा आंशिक रुपमा माफ गर्ने वानगर्ने बिषयमा नगर कार्यपालिकामा पेश गर्ने छ र यस सम्बन्धमा नगरकार्यपालिकाले अन्तिम निर्णय गर्ने छ ।

ख) खण्ड १७ (क) मा उल्लेख भए बमोजिम व्याज, सेवा शुल्क तथा हर्जाना मिन्हा गराउनको लागि ऋणीले लगानी डुब्नुको कारण तथा आफ्नो आर्थिक अवस्थाले सो रकम तिर्न असमर्थ भएको ब्यहोरा खोली टोल विकास संस्थामा निबेदन दिनु पर्नेछ ।

ग) खण्ड १७ (ख) बमोजिम व्याज, सेवा शुल्क तथा हर्जाना माफी पाउनको लागि ऋणीले टोल विकास संस्थामा निबेदन गरेमा टोल विकास संस्थाको सिफारिसमा समुदाय परिचालक वा बजार केन्द्र परिचालकले घटना स्थलको निरीक्षण गरी ऋणी तथा टोल विकास संस्थाले लगानी गरेको उद्यमको आर्थिक अवस्था छानबीन गरी प्रतिबेदन पेश गरेपछि कोषले त्यस्तो प्रतिबेदनको आधारमा मिन्हा गर्ने नगर्ने निर्णयका लागि नगर कार्यपालिकामा सिफारिस गर्नेछ ।

घ) खण्ड १७ (ग)बमोजिम नगर कार्यपालिकाले व्याज, सेवा शुल्क तथा हर्जाना मिन्हा गर्ने निर्णय गरेमा त्यसको सूचना टोल विकास संस्था, वडा समिति तथा सम्बन्धित उद्यमलाई दिईनेछ । साथै उक्त सूचनाको बिबरण सार्वजनिक पनि गर्नु पर्नेछ ।

## परिच्छेद –३
## कर्मचारी ब्यवस्थापन

**१८. पद संख्या :**

गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोष संचालन गर्न आवश्यक जनशक्ति व्यवस्थापन गर्न आवश्यक पद संख्याहरु कार्यपालिकाले सृजना गर्न सक्नेछ ।

**१९. पदको किसिम :**

क) कोषमा देहाय बमोजिमका कर्मचारीहरु रहनेछन ।

१)कोषको सञ्चालन ,ब्यवस्थापन कोषले गर्नुपर्ने कार्यको सहजीकरण र अभिलेख ब्यवस्थापनका लागि सामाजिक परिचालक (सहायक स्तर चौथो सरह) १ जना

२) समाजिक परिचालक (वडा तर्फ) २ जना (श्रेणीबिहीन सरह)

**२०. कर्मचारी व्यवस्थापन :**

**क**) कोषको कर्मचारीको रुपमा यस भन्दा पहिला देखि कार्यरत रही आएका कर्मचारी भएमा निजहरुलाई नै निरन्तरता दिई परिचालन गरिने छ । पहिले देखि कार्यरत कर्मचारी नभएको अवस्थामा करारमा लिन सकिने छ ।

ख) खण्ड (क) बमोजिम पदपूर्ति हुन नसकेमा नयाँ नियुक्तिबाट करारमा पदपूर्ति गरिनेछ ।

ग) खण्ड (क) र (ख) अनुसार कर्मचारी नभएको अवस्थामा नगरपालिकाको समान स्तरको मौजुदा कर्मचारीबाट कोषको कामकाज गर्ने गरी प्र.प्र.अ.ले तोक्न सक्ने छ ।

घ) कर्मचारीको नियुक्ति गर्दा मुख्य (Core) र सहयोगी (Non- core) पदहरु छुट्टयाई मुख्य पदहरुमा सेवा करारको प्रकृयाद्वारा भर्ना  गरिनेछ । कोषको सचिवालयमा रहेका सहयोगी पदहरु सेवा करारमा वा ज्यालादारीमा पदपूर्ति गरिने छ । टोल विकास संस्था तथा सामुदायिक संस्थाको संस्थागत विकास भैसकेपछि समुदाय परिचालक जस्ता समुदायद्वारा नै ब्यवस्थापन गर्न सक्ने पदहरु भबिष्यमा समुदायमा नै हस्तान्त्रण गर्ने ब्यवस्था गरिनेछ ।

ङ) समुदाय परिचालक जस्तो सहयोगी (Non-core)पदहरुमा पदपुर्ति गर्दा स्थानीय समुदायका ब्यक्ति, महिला तथा पिछडिएका जातजातिहरुलाई प्राथमिक्ता दिने नीति अवलम्बन गरिनेछ ।

**२१.कर्मचारीको पदपूर्ति सम्बन्धी व्यवस्था :**

क) नगरपालिका गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषको रिक्तपदपूर्तिको लागि उपयुक्त उम्मेदवार छनौट गरी सिफारिस गर्ने कार्य नगरपालिकामा सेवा करारमा कर्मचारी छनौट गर्ने गठीत समितिले नै गर्ने छ ।

ख) दफा (क) बमोजिम सिफारिस भएको उम्मेद्वारलाई प्र.प्र.अ.ले कार्यबिबरण सहितको जिम्मेवारी दिई सेवा करार गरी काममा लगाउने छ ।

**२२. कोषका कर्मचारीको सेवाशर्त तथा सुबिधाहरु :**

नगरपालिका गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन कोषमा कार्यरत कर्मचारीको सेवाशर्त तथा सुबिधाहरु देहाय बमोजिम हुनेछन :

क) कोषको कर्मचारीको सेवाशर्त तथा सुबिधाहरु नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ । तर सम्बन्धित तह र श्रेणीको कर्मचारीले पाउने मासिक पारिश्रमिक भन्दा बढी हुने छैन् ।

ख) खण्ड (क) मा उल्लेख भएका अतिरिक्त कोषका कर्मचारीको कामको प्रकृतितथा कोषको बित्तीय स्थितिको आधारमा नगरसभाको स्वीकृतिलिई थप सेवा सुबिधा प्रदान गर्न बाधा पर्ने छैन।

ग) प्रमुख प्रशासकीय अधिकृतले कोषको कर्मचारीलाई कोषको कार्यका अतिरिक्त अन्यकार्यको जिम्मेवारी समेत दिन सक्ने छन् ।

घ) यो कार्यविधि लागू हुनु अगावै गाउँ –नगर साझेदारी शाखा/उपशाखा/कार्यक्रममा कार्यरत कर्मचारीहरुलाई कर्मचारीको कार्यसम्पादन क्षमताको आधारमा यस कार्यविधि बमोजिम कोषको कर्मचारीको रुपमा सेवा करार वा ज्यालादारीमा निरन्तरता दिन सकिने छ ।

ङ) यसरी निरन्तरता दिईएका कर्मचारीको तलब, भत्ता, तथा सुबिधा यो कार्यविधि लागूहुन अगावै खाइपाई आएको सुबिधामा नघटाई कायम गरीनेछ ।

च)यदियसरी निरन्तरता दिइएका वा कोषका लागि पदपूर्ति गरिएका कर्मचारीले पाउने मासिक पारिश्रमिक र अन्य सुबिधा कोषको बजेटबाट नै उपलब्ध गराइने छ । कोषको बार्षिक बजेट नगरसभाले स्वीकृत गरे बमोजिमहुने छ । सभाले दिएको अधिकार बमोजिम कार्यपालिकाले क्रियाकलाप गत बार्षिक कार्यक्रम बनाई स्वीकृत गर्न सक्ने छ ।

**२३. कोषको सम्पर्क ब्यक्ति (फोकल पर्सन) को ब्यवस्था :**

क) कोषको कार्यलाई सहजीकरण गर्ने जिम्मेवारीका लागि नियुक्त कर्मचारी मध्ये १ जनालाई कोषको सम्पर्क ब्यक्तिका रुपमा प्रमुख प्रशासकीय अधिकृतले तोक्ने छन ।

ख) सम्पर्क ब्यक्तिको पदपूर्ति नहुन्जेल प्रमुख प्रशासकीय अधिकृतको सिफारीसले नगरकार्यपालिकाको निर्णयानुसार अन्य उपयुक्त कर्मचारीलाई का जमा राख्न वा कामको जिम्मादिन सक्ने छ ।

**२४. फोकल पर्सनको काम, कर्तब्य र अधिकार :**

१)फोकल पर्सनको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) समन्वय समितिको निर्देशनअनुसार कोषको आर्थिक तथा प्रशासनिक कार्य गर्ने ।

ख)समन्वय समितिको नीति तथा निर्णयहरुको कार्यान्वयन गर्ने ।

ग) आफ्नो मातहतमा काम गर्ने कर्मचारीहरुलाई कार्य बिभाजन तथा उनीहरुका कार्यक्षमताको सुपरीबेक्षण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

घ) आफ्नो मातहतमा काम गर्ने कर्मचारीहरुलाई पुरस्कार तथा दण्डको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने ।

ङ) कोषको लेखा परीक्षण गराउने । लेखा परीक्षणबाट अनियमितता औल्याइएमा नियमित गर्न आवश्यक कार्य गर्ने । लेखापरीक्षण गर्दा सामाजिक परीक्षणलाई प्रोत्साहित गर्ने ।

च) प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष निर्देशन तथा नियन्त्रणमा रही कोषको उद्देश्य प्राप्त गर्न आवश्यक अन्य कार्य गर्ने ।

छ) प्र.प्र.अ.ले तोकेको अन्यकार्य गर्ने ।

**२५. कोषका कर्मचारीहरुको आचरण :**

कोषका कर्मचारीहरुको आचरण नगरपालिकाका अन्य कर्मचारीलाई तोकिएको आचरण अनुरुप नै हुने छ ।

## परिच्छेद –४
## कोषको खर्च, हिसाब किताब तथा लेखा परिक्षण

**२६. कोषको रकम संचालन प्रकृया :**

कोषको रकम संचालन प्रकृया देहाय बमोजिम हुनेछ :

क) गाउँनगर साझेदारी विकास कार्यकमबाट प्राप्त रकम कार्यकमको उद्देश्य अनुरुपको कार्यमा खर्च गर्नु पर्नेछ ।

ख) कोषको रकम मानव संसाधन विकास, बिउपूँजी सहयोग, ऋण लगानी, उद्यमशीलता तथा सीप विकास, प्रविधि हस्तान्त्रणको लागि परिचालन गर्नुपर्नेछ ।

ग) कोष मार्फत् कार्यक्रम संचालन गर्न आवश्यक प्रशासकीय तथा ब्यवस्थापकीय खर्च दाताले ब्यहोर्नु पर्नेछ । दातासँगको सहमति अनुरुप कुल लागतको सामान्यतया २० प्रतिशत संचालनखर्च प्रदान गर्ने रकममा जोड्नु पर्नेछ ।

घ) समुदायको पहलमा हुने सामाजिक आर्थिक पूर्वाधार विकासका लागि प्राप्त हुने रकम टोल विकास योजना प्रकृया अनुरुप टोल विकास संस्था, उपभोक्ता समूह वा ब्यवस्थापन समूहलाई बीउ पूँजीको रुपमा अनुदान दिनु पर्नेछ ।

ङ)कोषले समुदायमा आधारित आर्थिक उद्यम तथा अन्तर सम्बन्ध बढाउने उद्यमहरुलाई ऋण प्रदान गर्न सक्नेछ ।

च) दाताबाट बिशेष शीर्षकको कृयाकलापको लागि प्राप्त रकम सोही शीर्षकमा खर्च गर्नु पर्नेछ ।

**२७. ऋण लगानीतथा असुली प्रकृया :**

ऋण लगानी तथा असुली प्रकृया देहाय बमोजिम हुनेछ ।

क) कोषले नगरपालिका र ग्रामीण बजार केन्द्र क्षेत्रभित्र गठीत परिपक्व टोल विकास संस्था तथा आर्थिक उद्यमहरुलाई ऋण प्रवाह गर्न सक्नेछ । यस प्रकार ऋण प्रदान गर्नु अघि कोषले ऋण लगानीका शर्तहरु, ऋण रकमको हद, लगानी गर्ने कार्यविधि, व्याजदर, सेवाशुल्क, क्षतिपूर्ति, ऋण रकमको उपयोग, ऋण

अनुगमन, असुली गर्ने कार्यविधि तथा ऋण तिर्ने जिम्मेवारी समेत उल्लेख गरी हरेक टोल बिकास संस्था वा उद्यमसँग साझेदारी समझौता गर्नु पर्नेछ ।

ख) ऋण प्रदानगर्दा टोल विकास संस्थालाई एकमुष्ट रकमप्रदान गरिनेछ । टोल विकास संस्थाले टोल विकास संस्थाका सदस्यहरुवाट गठीत उद्यमलाई ऋण लगानी गर्नेछ । टोल विकास संस्थाले ऋण लगानी गरी अर्जित व्याजको ३ प्रतिशत सम्म रकम संचालन ब्यवस्थापनको लागि राख्नेछ ।

ग) गाउँ नगर साझेदारी विकास कार्यक्रमबाट ऋण लगानीको लागिप्राप्त रकमतथा सो रकम परिचालन गरी कोषमा जम्मा हुन आएको सावाँ तथा व्याज बापत प्राप्त रकम समुदायमा आधारित आर्थिक उद्यम प्रवर्द्धन गर्नको लागि ऋण दिने प्रयोजनमा मात्र उपयोग गरिनेछ । साथै उक्त रकम ऋण लगानीगर्दा अन्तर सम्बन्ध बढाउने उद्यम (Linkage enterprises) लाई प्राथमिकता दिई ऋण लगानी गर्नु पर्नेछ ।

घ) उद्यमलाई समन्वय समितिले निर्धारण गरे बमोजिमको बार्षिक व्याज लिने गरी कोषको प्रत्यक्ष ऋण लगानी गर्न सक्नेछ । त्यसरी कोषबाट लिएको ऋण सामुदायिक आर्थिक उद्यमका सदस्यहरुको संयुक्त जवाफ देहिता उपयोग गर्नेछन । यसरी कोषले उद्यमलाई प्रत्यक्ष लागानी गरी आर्जित व्याजको सम्पूर्ण रकम कोषमै जम्मा हुनेछन् ।

ङ) कोषसँगको साझेदारीको शर्तमा उल्लेख भएको भाखा अनुरुप टोल विकास संस्था तथा उद्यमले लिएको सावाँ तथा व्याज रकम किस्ताबन्दीमा कोषलाई फिर्ता गर्नु पर्नेछ । यदि तोकिएको भाखा अनुरुप सावाँ तथा व्याज चुक्ता नगरेमा नगरपालिका वडा समिततिथा टोल विकास संस्थाले सामाजिक दवाव सिर्जना तथा नियम अनुरुप कारवाही गरी ऋण तथा व्याजको रकम उठाउन आवश्यक कदम चाल्नेछ ।

च) कोषले नगरपालिका तथा सम्बन्धित टोल विकास संस्थालाई यस दफाको खण्ड (क) बमोजिम ऋण पूँजी प्रदानगर्दा सम्बन्धित टोल विकास संस्थाको अध्यक्ष तथा आर्थिक उद्यम प्रमुख व्यक्तिसँग संयुक्त रुपमा निश्चित शर्तहरु तोकी समझौता गर्नु पर्नेछ । समझौतामा ऋण रकमको सावाँ तथा व्याज टोल विकास संस्था तथा आर्थिक उद्यमले तोकिएको भाखा भित्र तिर्नु पर्ने अन्यथा हर्जाना तिर्नु पर्ने र नगरपालिकाले टोल विकास संस्था तथा उद्यम समूहहरु बिरुद्ध कानूनी कारवाही गरी असुल उपर गरिने कुरा स्पष्ट खोलिएको हुनु पर्नेछ ।

छ) खण्ड (क) बमोजिम ऋण लिने टोल विकास संस्थाले कोषसँग गरेको समझौतावा साझेदारी समझौतामा उल्लेख भए बमोजिमको भाखाभित्र ऋण रकमको सावाँ व्याज तथा सम्झौतामा तोकिएको शर्त अनुसारको अन्य सेवा शुल्क बुझाई सक्नु पर्नेछ । सम्झौतामा तोकिएको भाखा नाघेमा आवश्यक्ता अनुरुप टोल विकास संस्थाले हर्जाना समेत तिर्नु पर्नेछ ।

ज) खण्ड (ख) बमोजिम टोल विकास संस्थाबाट ऋण लिने ऋणीहरुले टोल विकास संस्थालाई बुझाउनु पर्ने सावाँ, व्याज तथा सेवा शुल्क सम्झौता अनुरुप तोकिएको भाखा भित्र बुझाउनु पर्नेछ । भाखा नाघे पछि ऋण बुझाउन आएमा तोकिए बमोजिम टोल विकास संस्थालाई हर्जाना समेत बुझाउनु पर्नेछ ।

झ) टोल विकास संस्थाले कोषबाट लिएको ऋण रकम ऋण लिने निबेदनमा तोकिए बमोजिमको कार्यमा लगानी गर्नेछ ।

ञ) ऋणीले साँवा, व्याज, सेवा शुल्क र हर्जाना भए सो समेत बुझाई सकेको भएता पनि अध्यक्ष वा सम्बन्धित आर्थिक उद्यमका प्रमुखले उक्त रकम दुरुपयोग गरी कोषलाई फिर्ता नगरेमा सम्बन्धित नगरपालिकाले त्यस्ता टोल विकास संस्थाका अध्यक्षवा सम्बन्धित आर्थिक उद्यमका प्रमुख उपर कानूनी

कारवाही गरी सो बराबरको रकम उनीहरुको निजी सम्पत्तिबाट सरकारी बाँकी सरह असुल उपर गराई दिनु पर्नेछ ।

ट) टोल विकास संस्था वा उद्यम समूहले तोकिएको भाखाभित्र ऋणको साँवा, व्याज तथा सेवा शुल्क तिर्न असमर्थ भएमा अर्को पटक कोषबाट ऋण प्राप्त गर्न सक्ने छैन् ।

ठ) कुनै ऋणीलाई टोल विकास संस्थाले ऋण निबेदन अनुरुप कर्जा लगानी गरी ऋणीले लिएको ऋण रकमको सावाँ, व्याज, सेवा शुल्क तथा आवश्यक भए हर्जाना समेत भाखा भित्र नतिरेको कारण कुनै टोल विकास संस्थाले कोषको ऋण चुक्ता गर्न नसकेको भएमा नगरपालिकाले त्यस्ता ऋणी उपर सोझै कानूनी कारवाही गरी सम्पूर्ण रकम निजको निजी सम्पत्तिबाट असुल उपर गराई दिनु पर्नेछ ।

ड) कोषले ऋणीवाट कानूनी कारवाहि गरी माथि खण्ड (ञ) बमोजिम असूल गरेको रकमबाट साँवा, व्याज, सेवाशुल्क र आवश्यक भए टोल विकास संस्था तथा आर्थिक उद्यमले तिर्नु पर्ने हर्जाना समेत कट्टा गरी बढी भएको रकम सम्बन्धित ऋणीलाई फिर्ता गर्नेछ ।

ढ) कोषले टोल विकास संस्था वा आर्थिक उद्यम वा टोल विकास संस्थाले यसको सदस्यहरुलाई ऋण प्रदानगर्दा नगरपालिका तथा कोषको समन्वय समितिले निर्दिष्ट गरेको गरिबीको वर्गीकरणको आधारमा सबैभन्दा बिपन्न बर्ग तथा पिछडिएका महिलातथा पुरुषहरुलाई प्राथमिकता दिई ऋण प्रदान गर्नेछ ।

ण) कोषले टोल विकास संस्थाका सदस्यहरुलाई ऋण प्रदान गर्न आवश्यक्ता अनुरुप कुनै बैंक वा बित्तीय संस्थासँग बित्तीय सम्बन्ध स्थापित गर्न सक्नेछ ।

त) कोषको रकम समन्वय समितिले निर्णय गरी कोषको लगानी र अन्य कार्यक्रमलाई असर नपर्ने गरी फाइदाहुने गरी बैंक खातामा जम्मा गर्न सक्नेछ ।

थ) कोषबाट ऋण लिई भाखा अनुरुप ऋण नतिर्ने ऋणीलाई नगरपालिकाले नगरपालिकाको सेवा सुबिधा रोक्का राख्नेछ ।

द) कोषसंग ऋणीले गरेको सम्झौतामा उल्लेखित ऋण तिर्ने भाखा नाघेको ऋणीको नाम सार्वजनिक गरिनेछ ।

**२८. कोषको आर्जित व्याज उपयोग विधि :**

कोषले आर्जन गरेको व्याज निम्नानुसार उपयोग गरिनेछ ।

क) कोषले टोल विकास संस्था वा उद्यमलाई लगानी गरी आर्जित व्याजको न्यूनतम ३० प्रतिशत रकम नगरपालिका साझेदारी विकास कोषको कोषमा थप गर्नुपर्नेछ ।

ख) कोषले लगानी गरी अर्जित व्याजको बाँकी रकम नगरपालिका साझेदारी विकास कोषको कोष संचालन तथा व्यवस्थापन, मानव संसाधन विकास, उद्यम विकास तालिम, सीप विकास तालिम, प्रविधि हस्तान्त्रण बजार संजाल विकास, टोल विकास संस्थाको संस्थागत विकास तथा सुदृढीकरण, सामुदायिक,भौतिक पूर्वाधार विकास आदि कार्यहरुमा समन्वय समितिले आवश्यक्ता अनुसार योजना बनाई खर्च गर्न सक्नेछ।

**२९. कोषको खाता संचालन :**

कोषको खाता संचालन देहाय बमोजिम हुनेछ ।

क) नगरपालिका साझेदारी विकास कोषको रकम संचालन समितिले तोके बमोजिम नगरपालिका क्षेत्र वा बजार क्षेत्रभित्रको कुनै बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

ख) प्रत्येक ग्रामिण बजार केन्द्र तथा नगरपालिकाको हिसाब किताबको छुट्टै खाता राखिनेछ ।

ग) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र नगरपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतमा संचालन गरिनेछ ।

घ) कोषको कृयाकलाप प्रभावकारी ढंगले कार्यान्वयन गर्नको लागि समन्वय समितिको निर्णय अनुसार ग्रामीण बजार केन्द्र/नगरपालिका कोषको खाताखोली कार्य संचालन गर्न सकिनेछ ।

ङ) यसरी संचालित खाताको लेखा राख्ने जिम्मेवारी पूर्ण रुपमा कोषको सदस्य सचिव र लेखा प्रमुखमा रहनेछ ।

च) बिभिन्न दाताहरुबाट बिशेष कृयाकलापको लागि कोष मार्फत् प्राप्त भएको रकमको छुट्टै हिसाव राखिनेछ ।

**३०. कोष संचालनविधि :**

कोषको रकम संचालन गर्दा देहाय बमोजिमका विधिहरु अपनाउनु पर्नेछ ।

क) स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रहीकार्यक्रम बजेट खर्च गर्नु पर्नेछ ।

ख) प्रशासनिक खर्च तोकिएको बजेट सीमा भित्र रहीखर्च गर्नु पर्नेछ ।

ग) बजेट स्वीकृत नभएको अवस्थामा प्रशासनिक खर्च गर्नु परेमा निर्धारित तलबभत्ता, टेलिफोन, बिद्युत महसुल जस्ता अत्यावश्यक कार्यमा कोषको अध्यक्षको पूर्व स्वीकृति लिएर गत आर्थिक बर्षको सोही शीर्षकको बजेटको २५प्रतिशत रकममा नबढने गरी मात्रखर्च गर्न पाइनेछ । (तर सो खर्च समन्वय समितिका बैठकबाट यथाशीघ्र अनुमोदन गराउनु पर्नेछ ।

घ) कुनै खर्च लेख्दारीत पुगेको वा नपुगेको कोषका सदस्य सचिव र कोषको लेखा सम्बन्धी काम गर्न तोकिएका लेखा प्रमुखले हेरी जाँच गरी राख्नु पर्ने सम्पूर्ण बिवरण तयार गरी "भुक्तानी गर्ने" भन्ने छापलगाई दुबै जनाले दस्तखत समेत गरी प्र.प्र.अ.वानिजले खाता संचालन गर्न तोकेको अधिकृतबाट स्वीकृत गराई प्रमाणित गराएर मात्रखर्च लेख्नु पर्नेछ ।

ङ) बैंकमा रहेका खाताहरुको अद्यावधिक बिबरण राख्ने, आम्दानी र खर्चको विवरण अद्यावधिक गर्ने र कोषको रकम र सम्पत्ति हिनामिना हुन नपाउने गरी सुरक्षित राख्ने र राख्न लगाउने काम कोषको कार्यकारी सचिवको हुनेछ । सम्पत्तिको हानी नोक्सानी भएमा वा हुन नपर्ने खर्च भई कोषलाई नोक्सान पर्न गएमा सो को क्षतिपूर्तिको जिम्मेवारी कोषको सदस्य सचिव र लेखा प्रमुखले संयुक्त रुपमा लिनु पर्नेछ ।

च) कोषको रकमखर्च गर्दा आदेश दिने पदाधिकारीको खर्च गर्ने आदेश प्रचलित व्यवस्था प्रतिकूल भएको लागेमा लेखा प्रमुख र सदस्य सचिवले आफ्नो छुट्टै रायदिन सक्नेछ । यसरी छुट्टै राय दिंदा पनि पुनःआदेश भई आएमा सो को समेत बिबरण राखीखर्च लेख्नु पर्नेछ । साथै सो को लिखित प्रतिबेदन कोषको अध्यक्ष समक्ष सदस्य सचिवले ७ दिनभित्र पेश गर्नु पर्नेछ ।

**३१. हिसाव किताव तथा लेखा परीक्षण :**

कोषको हिसाव किताब र लेखा परीक्षण देहाय बमोजिम हुनेछ ।

क) कोषको हिसाव किताव स्थानीय सरकार संचालन ऐन अनुसार हुनेछ ।

ख) कोषमा देहाय बमोजिमका खाताहरु राखिने छन् ।

१) संचालन सम्बन्धी खाता,

२) ऋण रकमखाता

३) वीउ पूँजी अनुदान खाता
४) उद्यमशीलता बिकास खाता
५) अन्य खाता
ग) संचालन सम्बन्धी खाता कोषको संचालन तथा व्यवस्थापनको लेखा राख्न प्रयोग गरिनेछ । ऋण रकम खातामा टोल विकास संस्था, कार्यमूलक समूह, निजी साझेदारी तथा आर्थिक उद्यमलाई लगानी गरिएको ऋणको बिबरण राख्नप्रयोग गरिनेछ । उद्यमशील विकास खाताको प्रयोग मानव संसाधनको विकास, उद्यमशीलता विकास सम्बन्धी तालिम, अध्ययन भ्रमण, बजार संजाल विकास तथा उद्यमहरुको स्थापना, बिकास तथा प्रबर्द्धन सम्बन्धी खर्चको बिबरण राख्न प्रयोग गरिनेछ । अन्य खातामा अन्य विशेष कार्यक्रम संचालन सम्बन्धी खर्चको बिबरण राख्न प्रयोग गरिनेछ ।
घ) सूचना तथा अनुगमन कार्यको लागि कोषले ऋण लगानी गरेको टोल विकास संस्था तथा उद्यमहरुले आर्थिक कारोवारको अभिलेख कोषको आवश्यक्ता अनुरुप दुरुस्त राख्नु पर्नेछ ।
ङ) कोषको आय तथा ब्ययको हिसाब समन्वय समितिले तोकेको लेखा प्रणाली अनुरुप राख्नु पर्नेछ ।

## परिच्छेद –५
## बिबिध

**३२. समन्वय समितिले अनुगमन गर्न सक्ने :**
क) समन्वय समितिले आफ्नो कार्य क्षेत्रभित्रको बजार क्षेत्रमा रहेको गाउँनगर साझेदारी शाखा/उप–शाखाको कार्यको नियमितअनुगमन गरी आवश्यक सल्लाहदिन सक्नेछ ।
ख) खण्ड (क) अनुरुप अनुगमन गर्दा कुनै कार्य समझौता बिपरित भएको पाइएमा समन्वय समितिले त्यसको सूचना कोषलाई दिई ती कृयाकलापहरुलाई नियमित गराउन सम्बन्धितलाई निर्देशन गर्नेछ ।
ग) नगरपालिका तथा ग्रामीण बजार केन्द्रले आफ्नो क्षेत्रभित्र संचालित गाउँ नगर साझेदारी ईकाइको कार्यक्रम कार्यान्वयनमा सकृय संलग्नताहुने तथा आवश्यक सहयोग पुरयाउने छन् ।

**३३. प्रतिबेदन :**
क) कोषले मासिक/चौमासिक प्रगति बिबरण नगरपालिका तथा अन्य सम्बद्ध निकायमा प्रस्तुत गर्नु पर्नेछ ।
ख) कोषले चौमासिक प्रगति प्रतिबेदन तयार गरी नगरकार्यपालिकामा प्रस्तुत गर्नु पर्नेछ ।
ग) कोषको बार्षिक प्रतिबेदन नगर कार्यपालिका मार्फत नगरसभामा पेश गर्नु पर्नेछ ।

**३४. प्रगति पुनरावलोकन :**
नगरसभाले कोषमार्फत् सञ्चालन गरिएका कार्यक्रमहरुको समीक्षा, पुनरावलोकन गर्न सक्ने छ । कोषको कार्यक्रमलाई थप प्रभावकारी बनाउन नगरसभाले आवश्यक निर्देशन दिन सक्ने छ ।

**३५. प्राविधिक सहयोग :**
कोष अर्न्तगत संचालित कार्यक्रमलाई आवश्यक प्राविधिक सहयोग नगरपालिकाबाट उपलब्ध हुनेछ ।

**३६. कोषको सुरक्षण तथा जमानत** :
यो कार्यविधि अन्तर्गत स्थापित कोषको नाफा मध्ये ऋणपूँजी लगानीबाट भएको आय माथि उल्लेखित दफा २७ बमोजिम घुम्ती कोष (Revolving Fund)को रुपमा जम्मा गरिनेछ । यस्तो रकम शहरी समाज परिचालन प्रकृया मार्फत् प्रवर्द्धन गरिएका टोल विकास संस्था तथा आर्थिक उद्यमहरुलाई ऋण दिन प्रयोग गरिनेछ । माथि उल्लेखित कोषबाट भएको आय मानव संसाधनको विकास, उद्यमविकास तालिम, बजार संजालबिस्तार, बीउ पूँजी, ऋण पूँजीमा लगानी गर्न तथा कोषको संचालन खर्च एवं व्यवस्थापनको लागि प्रयोग गरिनेछ ।

**३७. कार्यविधि बमोजिम हुने :**
कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

**३८.कार्यविधि संशोधन :**
क) यो कार्यविधिमा कुनै संशोधन गर्न आवश्यक देखिएमा कोषले संशोधन मस्यौदा तयार गरी नगरपालिकाको कार्यपालिकामा पेश गर्नु पर्नेछ ।
ख)नगरपालिकाले खण्ड (क) बमोजिम प्रस्तुत मस्यौदामा आवश्यक छलफल गरी आवश्यक भएमा सुधार समेत गरी स्वीकृत गर्नेछ ।
ग) संशोधित कार्यविधि राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

**३९.कार्यविधिमाथप गर्न सकिने :**
क) कोषले यो कार्यविधिअनुरुपकार्य गर्नको लागि आवश्यक थप निर्देशनहरु कार्यपालिकाबाट पारित गराई लागू गर्न सक्नेछ । यसरी थप निर्देशनहरु यस कार्यविधिको अङ्ग सरह नै मानिने छ ।

**४०. सम्पत्ति तथा दायित्व :**
क) गाउँ नगर साझेदारी विकास कार्यक्रमद्वारा “(गरिबी न्यूनिकरण तथा सामाजिक परिचालन कोष” को नाममा यो कार्यविधि प्रारम्भ हुनु अघि देखि प्रयोग गरिरहेका सम्पत्तिहरु यो कार्यविधिमा व्यवस्था भए अनुरुप स्वतःनगरपालिकाको गरिबी न्यूनीकरण तथा समाजिक परिचालन कोषमा हस्तान्त्रण हुनेछ ।
ख) समझौता अनुरुप दायित्व तथा यो कार्यविधि लागूहुनु पूर्व नगरपालिका विकास कोषमा सिर्जित दायित्व गरिबी न्यूनीकरण तथा समाजिक परिचालन कोषको दायित्व मानिनेछ ।

**४१. कार्यक्रमको एकीकरण वा समायोजन :**
नेपाल सरकार तथा अन्य निकायले संचालन गरेको कार्यक्रम नियमअनुसार आवश्यक प्रकृया पूरा गरी गरिबी न्यूनीकरण तथा समाजिक परिचालन कोष अन्तर्गत गाभिन सक्नेछ । यस्तो अवस्थामा त्यस्ता कार्यक्रमहरुको सम्पत्ति तथा दायित्व समेत सोहि कोषमा गाभिनेछ ।

**४२. खारेजी र बचाउ :**
क) यो कार्यविधि प्रारम्भ भएपछि गाउँनगर साझेदारी विकास कोष खारेज गरिएको छ ।

ख) यो कार्यविधि प्रारम्भ हुनु अघिदेखि नगरपालिका साझेदारी विकास कोषको नाममाभए गरेका कृयाकलापहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

ग) यो कार्यविधि प्रारम्भ हुनु अघि गाउँनगर साझेदारी विकास कार्यक्रम, गाउँनगर साझेदारी शाखा/उप–शाखा (सहयोगी संस्था) मा नियुक्त गरेका कर्मचारीहरु यसै कार्यविधि अनुरुप नियुक्त भएको मानिनेछ । यस कार्यबिधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्यका हकमा प्रचलित कानुन बमोजिम हुने छ ।

प्रमाणीकरण मितिः २०७८/०७/१५

आज्ञाले
रुद्र प्रसाद रेग्मी
नि.प्रमुख प्रशासकीय अधिकृत